सिक्किम र असमबाट एकैसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति
गान्तोक, वर्ष १८, अङ्क ३०३, १३ जनवरी, २०१८
विक्रम संवत् २०७४, पुष २१ गते, शनिवार

## एनआरसीबारे टिप्पणी : ममताको राजनीतिक वाध्यता

असममा चलिरहेको एनआरसीको अद्यतन प्रक्रियाबारे पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यानर्जीका आँखा बल्ल खोलिएका छन्। सर्वोच्च अदालतको अनुगमनमा लगभग १२ वर्षदेखि चलिरहेको यस प्रक्रियामा उनले अहिले आएर एउटा षड्यन्त्रको आभाष पाइछन्, 'राज्यबाट लाखौं बङ्गालीहरूलाई लखेट्ने षड्यन्त्र'! जसरी बङ्गालमा असमका मानिससँग राम्रो व्यवहार हुन्छ, असममा पनि बङ्गालीहरूसँग पनि त्यस्तै व्यवहार हुनुपर्छ भन्ने माग राखेपछि अहिले उनले आफ्नो राज्यबासीहरूसँग बङ्गाली शरणार्थीहरूलाई शरण दिन आह्वान गरेकी छन्। ममता ब्यानर्जीको यस्तो टिप्पणीपछि, आक्रोशित भएको भाजपाले बङ्गालमा पनि "थुप्रै अवैध बाङ्लादेशीहरूले राजनीतिक संरक्षण पाएका छन्" भन्दै एनआरसीको अद्यतनसरहको प्रक्रिया संचालन गर्नुपर्ने माग गरेको छ। वास्तवमा ममता ब्यानर्जीले असमको एनआरसी प्रक्रियालाई लिएर जुन् टिप्पणी गरेकी छन् यसमा उनको राजनीतिक वाध्यता देखिएको छ। बङ्गालीभाषीहरूमाझ आफ्नो प्रभाव हुनुपर्ने कुरामा विश्वस्त ममतालाई यो कुरा पचेको छैन कि कसरी भाजपाले असमको बङ्गालीभाषीबहुल बराक उपत्यकामा आफ्नो पकड बनायो र गत तीन वर्षमा वामपन्थी दलद्वारा शासित राज्य त्रिपुरामा प्रमुख विरोधी दलको मान्यता पाउनसक्यो। उनको विचारमा जसरी उनले पश्चिम बङ्गालमा सत्ताधारी वामपन्थीहरूलाई सत्ताबाट हटाएर आफ्नो सरकार बनाउन सफल भइन्, त्यसरी नै त्रिपुराजस्तो बङ्गालीभाषीबहुल राज्यमा पनि उनको पार्टीको वर्चस्व हुनुपर्ने हो। तर त्यसो नभएर, अहिले त्रिपुरा र असमको बराक उपत्यकामा भाजपाको प्रभाव बढिरहेको छ। त्यसमा पनि त्रिपुरामा उनकै पार्टीका कतिपय विधायकहरूले त झन् पार्टी छोडेर भाजपाको हात समातेका छन्, यसले गर्दा त उनको घाउमा नुन छरेजस्तो भएको छ। यो कुरा कसैबाट लुकेको छैन कि भाजपाले असम र त्रिपुरामा रहेका बाङ्लादेशबाट आएका लाखौं हिन्दू बङ्गालीहरूलाई आकर्षित पार्न नागरिकता ऐनमा संशोधन ल्याउन खोजेको हो। यसरी असम र त्रिपुरामा हिन्दू बङ्गालीहरूमाझ आफ्नो वर्चस्व बनाएपछि स्वाभाविकरूपमै भाजपाको अर्को लक्ष्य पश्चिम बङ्गाल हुनेछ। यही कुराले ममताको सातो गएको छ र उनले बङ्गाली भावनालाई आफूतिर तान्ने उद्देश्यले अहिले असमको एनआरसीको विषयमा यस्तो आपत्तिजनक टिप्पणी गरेकी हुन्। उनको यस बयानपछि असममा मिश्रित प्रतिक्रिया भएको छ। असममा अहिले आफ्नो जग हल्लिएको अनुभव गरिरहेको काङ्ग्रेस पार्टी ममताको यस बयानपछि, समर्थन गर्नु कि नगर्नु भन्ने अन्योलमा परेको छ। एकातिर सुस्मिता देव, कमलाक्ष्य देव पुरकायस्थ र सिद्दिक अहमदजस्ता नेताले ममताको बयानको समर्थन गरेका छन् भने प्रदेश काङ्ग्रेस अध्यक्षले भने ममताको बयानलाई अपरिपक्क्व, अवाञ्छित र निराधार बताएर पार्टीलाई चोखो देखाउने प्रयास गरिरहेका छन्। समग्रतामा बङ्गालीभाषीहरूमाझ भाजपाको बढ्दो प्रभावले आत्तिएकी ममता ब्यानर्जीले अहिले राजनीतिक वाध्यता परेर असमका लागि ऐतिहासिक महत्त्वको र नितान्त आन्तरिक विषयमा नकारात्मक टिप्पणी गर्न पुगेकी छन् जसको असममा चौतर्फी विरोध भइरहेको छ भने उनले जसको हितैषि देखाउँदै यो टिप्पणी गरिन् उनैले पनि उनको पूर्ण समर्थन गरिरहेका छैनन्।

# माघे सङ्क्रान्तिको महत्त्व

❑ देवकुमारी बस्नेत 'दीक्षित'



सारा नेपाली धर्मावलम्बीको चाड़मध्ये **माघे सङ्क्रान्ति** पनि एक महान चाड़ हो। यो चाड़ असाध्यै जाड़ोमा परेको हुनाले पुष महीनालाई बिदा दिँदै जाड़ोले खपी नसक्नु पारेर मानिसदेखि लिएर पशु, पक्षी सबै नै कष्ट बोकी सारा जगतलाई कष्टमय तुल्याउँदछ र पुषलाई अन्तिम बिदा दिइन्छ। यो महान पर्व **माघे सङ्क्रान्ति** जतिजति नजिक आउँछ, त्यति मानिसहरूमा खुशीको लहर जगाउँदछ। यो चाड़ नेपाली जातिको मात्र नभएर समस्त भारतमा बस्ने विभिन्न जातिले पनि मनाउने गर्छन्।

पश्चिम बङ्गाल, असम, मणिपुर, राजस्थान, पञ्जाब अनि बिहारमा समेत बड़ो हर्षोल्लासका साथ मनाइन्छ। आफ्नो-आफ्नो जातिको आफ्नै रीति-रिवाज, संस्कृति परम्परा हुन्छन्। हामी नेपाली जाति अति नै उत्साही छौं बाह्र महिनाको एक वर्षमा सबै गोर्खा चाड़ पर्व मनाइरहेका हुन्छौं। विभिन्न प्रकारको चाड़ पर्व बेग्लाबेग्लै प्रकारले मनाइन्छ, जस्तै माघे सङ्क्रान्ति चाड़मा सबैले सेलरोटी, फापरको पीठोको फुलौरा, कालो दालको पकौड़ा, गुड़को लड्डू, घरतरूल, वनतरूल, सक्करखण्ड आदि परम्परा अनुसार हामीमा सम्प्रदायिक सद्भावना सधैँ जागिरहोस् भन्ने भावनाले यो चाड़ मनाउने गर्छौं।

माघे सङ्क्रान्तिको दिन स्वच्छ विचार लिएर मकर नुहाउने चलन छ। त्यस दिन मानिसहरू बिहानै उठेर नजिकैको नदी वा खोलामा गई सबै भेला भएर मकर नुहाउने गर्दछन्। हजारौं संख्यामा मानिस विभिन्न ठाउँबाट मकर नुहाउन र पूजापाठ गर्न त्रिवेणी जाँदछन्। यो मेला टिस्टा र रंगीतको दोभानमा रेली खोला र जोरथाङमा पनि बड़ो धुमधामसँग वर्षमा एकपल्ट लाग्दछ। माघे सङ्क्रान्तिको पर्व नेपालमा पनि धुमधामसँग मनाइन्छ। यो माघ स्नानको ठूलो महत्त्व छ। माघ स्नान गर्नाले पापहरू नाश भएर जान्छन् भन्ने किंवदन्ती हिन्दू धर्ममा उल्लेख गरिएको छ। पाप मानिसको रोग हो। स्वास्थ्य मानिस सधैँ खुशी र निरोगी रहन्छ। हिन्दूहरूको मतअनुसार माघ महिनाभरि नै चिसो पानीले स्नान गर्नाले मानिस कदाचित पनि रोगको शिकार बन्नु पर्दैन भन्ने प्रथा छ।

'भविष्य पुराण'-मा पनि यस चाड़को दिन स्नान गर्नाले र अति नै पवित्र हृदयले दान दक्षिणा गर्नाले पुण्य फल पाइन्छ भन्ने बताइएको छ। त्यस दिन नाना प्रकारका कन्दमूल र पोषिलो खाना खानाले मानिस सधैँ स्वस्थ र निरोगी रहन्छ भन्ने भनाई छ। माघे सङ्क्रान्तिको यो खुबै रमाइलो चाड़मा नदीको दोभान टिस्टा-त्रिवेणी आदि पुण्य तीर्थस्थानहरूमा सधैँ 'माघे मेला' लाग्ने गर्दछन्। यति बेला बुढ़ा-बुढ़ी, तरूण, तन्नेरी सबैजना मेला गई तीर्थमा स्नान गरी आफ्नो इच्छानुसार ब्राह्मण एवं गरीबहरूलाई दान दिने प्रथा पनि छ। यसरी ब्राह्मण अनि गरीबहरूलाई आ-आफ्नो गच्छेअनुसार दान, धर्म, कर्म गर्छन् र आफैंलाई भाग्यमानी सम्झँदै खुबै प्रसन्न बन्दछन्।

धार्मिक दृष्टिले हेर्दा यो मकर सङ्क्रान्तिको महत्त्व यो छ, त्यस दिन सूर्यले आफ्नो दिशा परिवर्तन गर्दछ। दक्षिणायनदेखि उत्तरायणतिर झुक्दछ। यो दिनलाई वर्षको सबैभन्दा जाड़ो दिन मानिन्छ। अंग्रेजी महीना अनुसार २३ दिसम्बरलाई वर्षको सबैभन्दा छोटो दिन मानिए पनि सूर्य यसै दिनदेखि उत्तरायण हुने गर्नाले जाड़ोको चिसो, लामा रातहरू छोटिँदै जान्छन् र २५ दिसम्बरदेखि बिस्तारै दिन लामो हुँदैजान्छ। दिन पनि बिस्तारै न्यानो हुनथाल्छ।

माघे सङ्क्रान्ति भन्नाले माघ महिनाको पहिलो दिन, विक्रम सम्वत् १ गते पर्दछ। ज्योतिष शास्त्रअनुसार सूर्य १२ राशिमा प्रवेश गर्दछ। १२ राशिमध्ये मकर दशौं राशिमा सूर्यले जुन दिन प्रवेश गर्दछ, त्यही दिन मकर सङ्क्रान्ति मनाइन्छ। यसरी मकर राशिको नामबाटै यस पर्वको नाम मकर सङ्क्रान्ति हुनगयो। यसरी हामीले आफ्ना चाड़ पर्वहरू मनाएर आफ्नो संस्कृति परम्पराको सधैँ जगेरा गर्नु पर्दछ।

# सुकी, रोहिंग्या र बर्मेली सरकार

**द्वन्द्वको समाधान जातीय सफाइ पक्कै होइन, समस्याको समाधान वार्ताबाट हुनुपर्छ। विपक्षी समूहले पनि हिंसाको सहारा त्याग्नुपर्छ किनभने हिंसाको भविष्य छैन, शान्तिको विकल्प छैन।**

❖ कृष्ण कँड़ेल

विश्वले ६९औं मानव अधिकार दिवस मनाइरहँदा गत डिसेम्बर १० देखि १३ सम्म म्यानमारका प्रधानसेनापति तीर्थाटनको निहुँमा नेपाल भ्रमण गरेर फर्किए। शुरुमा व्यक्तिगत भ्रमण भनिए पनि पछि नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षेत्रीको निमन्त्रणा स्वीकार गर्दै त्यो व्यक्तिगत भ्रमणलाई औपचारिक बनाइयो।

म्यानमारका सेनाप्रमुख त्यतिबेला नेपाल आए जतिबेला विश्व समुदायले म्यानमार (बर्मा)-का रोहिंग्या मुसलमान समुदायमाथि अमानवीय ज्यादती गर्दै देशनिकाला गरेको आरोप लगाइरहेको छ। त्यो आरोप संयुक्त राष्ट्रसंघले पनि लगाइरहेको छ।

शासनको परोक्ष बागडोर सम्हालेकी नोबेल शान्ति पुरस्कार विजेता आङसाङ सुकी पनि त्यो जातीय सफायाको बर्बर घटनाको प्रत्यक्ष साक्षी बनेकोमा संसार नै स्तब्ध बनेको छ र उनको व्यापक आलोचना भएको छ। भनिन्छ- बर्माका रोहिंग्या मुसलमान समुदायका केही परिवार काठमाडौंमै शरणार्थी बनेर बसिरहेका छन्, यसमा नेपाल सरकार मूकदर्शक बनेको छ। भोटाङे शरणार्थी समस्याबाट लामो समय पीड़ित नेपाल भूमि बर्मालगायतका कतिपय देशका शरणार्थीको आश्रयस्थल हुन थालेपछि अर्को समस्याको पहाड़ उभिँदासम्म पनि सरकारले ठोस कदम नचालिरहेको अवस्थामा म्यानमारका सैनिक जनरलको यो भ्रमण रहस्यमय बनेको छ।

म्यानमारको रखाइन राज्यमा गत अगस्तमा भड्किएको हिंसाका कारण करिब सात हजार मानिस मारिएको तथ्य बाहिर आएको छ तर सरकारी अनुमानभन्दा धेरै मानिसको ज्यान गएको आशङ्का छ। म्यानमारको सेनाले उक्त हिंसाको जिम्मेवार रोहिंग्या समुदायलाई नै लगाउँदै आएको छ। मेडोसिन्स सान्स फ्रन्टायर्स नामक संस्थाको सर्वेक्षणअनुसार म्यानमारमा नौ हजारभन्दा बढ़ी रोहिंग्या मारिएको जनाएको छ। सेनाले गोली हानेर र कुटपिट गरेर उनीहरूलाई मारेको थियो। मारिनेमा पाँच वर्षमुनिका सात सय ३० बालबालिकासमेत परेका छन्।

बंगलादेशमा रहेका रोहिंग्या शरणार्थीका अनुसार म्यानमार सेनाले यातना दिएर मात्रै होइन, बलात्कार गरेर मार्ने काम गरेको छ। शरणार्थीहरूले यो विषयलाई मानवताविरुद्धको अपराधका रूपमा अन्तरराष्ट्रिय फौजदारी अदालती पुर्याकउनुपर्ने मागसमेत तीव्र रूपमा उठाएका छन्।

उता म्यानमार भने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा हस्ताक्षर नगरेका कारण चुप लागेर बसेको छ। यस्तो अवस्थामा राष्ट्रसंघका पाँचवटै स्थायी सदस्य राष्ट्रले प्रस्ताव पारित गरी म्यानमारविरुद्ध मुद्दा चलाउन सक्छ। सन् २०१७ को अगस्त २५ मा रोहिंग्या विद्रोहीले प्रहरी चौकीमा आक्रमण गरेपछि राखिने राज्यमा हिंसा भड्केको थियो। उक्त हिंसाबाट ज्यान जोगाउन ६ लाखभन्दा बढ़ी शरणार्थी भागेर बंगलादेश पुगेका छन्। राष्ट्रसंघले बर्मेली सेनाले राखिने राज्यमा 'जातीय सफाया' गरिएको भन्दै विरोध जनाउँदै आएको छ। एक सयभन्दा बढ़ी आदिवासी जनजाति भएको म्यानमारको सीमा भारत, बंगलादेश, चीन, लाओस र थाइल्यान्डसँग जोडिएको छ। सन् १९६२ को सुरुवाती दिनसँगै सैनिक शासन शुरु भएको बर्माका लाखौं आदिवासी चेपुवामा पर्दै आएका छन्। घना जंगल र त्यहाँ उत्पादन हुने टिक र मोतीलगायतका जवाहरतको निकासीले बर्माका अर्थ व्यवस्था टिकेको छ।

बुद्ध दर्शनबाट प्रभावित हजारौं बौद्धमार्गीले समेत तत्कालीन सैनिक जुन्ता सरकारको विरोध जनाउँदै आएका थिए। सुकी र उनको दल नेसनल लिग फर डेमोक्रेसीले लामो समयदेखि प्रजातन्त्रका पक्षमा आवाज उठाएका थिए। बर्माको स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्रका पक्षमा सुकीले उठाएका आवाजलाई विश्व समुदायले एक स्वरमा समर्थन गरेको थियो। सैनिक शासनको चपेटाबाट मुक्तिको संघर्षमा जुटेकी सुकी यतिबेला अर्ध स्वतन्त्रता प्राप्त बर्मेली सरकारको प्रमुख सल्लाहकार छिन् र सरकारको विदेश विभागसमेत हेर्ने गर्छिन् तर हालैका दिनमा राखिने राज्यमा सेनाको कारबाहीमा हजारौं रोहिंग्या समुदायका मानिस मारिएका छन्। सैनिक ज्यादतीको यो घटनाप्रति सुकीले नजरअन्दाज गरिन् भन्ने आरोप विश्व समुदायका रहँदै आएको छ।

बर्मा उन्नाईसौं शताब्दीमा बेलायतको उपनिवेश रहेको थियो। सन् १९४८ को जनवरीमा ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भएको बर्मा चार वर्षमै सैनिक कोपभाजन हुन पुग्यो। सन् १९६२ मा सेनाले 'कु' गरेर सत्ता आफ्नो हातमा लियो। सन् १९६२ देखि सन् २०१० सम्मको लामो अवधिमा बर्मामा व्यापक मानव अधिकार उल्लंघन भयो। सन् २०१५ को आमनिर्वाचनमा सुकीको दल नेसनल लिग फर डेमोक्रेसीले दुवै सदनमा बहुमत हासिल गरे पनि अहिले पनि त्यहाँको राजनीतिमा सेनाको पकड़ बलियो छ। अठारौं शताब्दीदेखि बहुसंख्यक 'बमार' समुदायकै नामबाट बर्मा नामकरण गरी प्रसिद्धि पाएको यो मुलुकलाई अहिले पनि बाँकी विश्वले म्यानमार होइन, बर्माका नामबाट चिन्दैआएको छ।

सन् १९६१ मा बर्मेली नागरिक उ थान्त राष्ट्रसंघका महासचिव भएका थिए। २ मार्च, १९६२ मा जनरल नेविनले 'कु' गरेर सत्ता आफ्नो हातमा लिएका थिए। सन् १९६२ देखि सन् १९७४ सम्म त्यहाँ सैनिक जनरलको कन्ट्रोलमा क्रान्तिकारी परिषद्ले शासन चलाएको थियो। सैनिक शासनको विरोधी सन् १९६२, १९७४, १९७५ र १९७६ मा विद्यार्थीले ठूलाठूला प्रदर्शन गरेका थिए तर सेनाले क्रूरतापूर्वक ती प्रदर्शन दबायो। तत्पश्चात् भित्रभित्रै सेनाको विरोध बढ्न थाल्यो। सन् १९८९ मा जनरल समाङले सैनिक शासनको घोषणा गरे।

सन् १९९० मा ३० वर्षपछि सेनाले पहिलोपटक स्वतन्त्र निर्वाचन गराइयो। निर्वाचनमा नेसनल लिग फर डेमोक्रेसीले ४९२ सिटमध्ये ३९२ सिटमा आफ्नो जित हासिल गर्यो। ८०५ प्रतिशत सिट हासिल गरेको एनएलडीलाई सत्ता हस्तान्तरण गर्न सेना हिच्किचायो।

सन् २०१५ को नोभेम्बर ८ मा भएको आमनिर्वाचनमा सुकीको दल नेसनल लिग फर डेमोक्रेसीले फेरि पूर्ण बहुमत ल्यायो तर संवैधानिक प्रावधानअनुसार सुकीले राष्ट्रपतिमा उम्मेदवारी दिन पाइनन्। उनको दलले छिन क्यावालाई सन् १९६२ पछीको पहिलो गैरसैनिक व्यक्तिको रूपमा राष्ट्रपतिमा चयन गर्योन। ६ अप्रिल २०१६ मा सुकी प्रधानमन्त्रीसरह राज्यको सल्लाहकार नियुक्त भइन्।

बर्माको इतिवृत्तान्तले के स्पष्ट पार्छ भने बहुसंख्यक बुद्धधर्मावलम्बी भएको देश लामो समयदेखि आन्तरिक द्वन्द्व र संघर्षबाट पिल्सिएर यहाँसम्म आइपुगेको हो। प्रजातान्त्रिक भनिने सरकारबाट आज पनि आदिवासी अल्पसंख्यकहरूको मानव अधिकारको संरक्षण हुन नसक्नु लज्ज़ास्पद विषय हो।

वर्तमान रोहिंग्या समस्या त्यसैको एउटा पाटो हो। सन् १९४८ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भएको बर्मा १९६२ देखि नै सेनाको पूर्ण नियन्त्रणमा रहँदै आयो। यसबीच बर्माभित्र आन्तरिक द्वन्द्व र विद्रोह पनि चर्किंदै गयो। खासगरी कचीन, कायान, रखाइन र सान राज्यमा विद्रोहका ज्वाला दन्किइरह्यो।

बेलायती उपनिवेशबाट मुक्ति पाउन तत्कालीन बर्मेली कम्युनिस्ट पार्टी र करेन नेसनल युनियनले नेतृत्व गरेका थिए, जसमध्ये करेन विद्रोहीहरूले छुट्टै करेन राज्यको माग गर्दै आजसम्म पनि सशस्त्र आन्दोलन चलाइरहेका छन्। करेन विद्रोहीहरूको यो आन्दोलनलाई संसारकै लामो गृहयुद्धको रूपमा लिइएको छ। करेनहरूले बर्माबाट छुट्टै स्वतन्त्र राज्यको माग गर्दै आएका छन्। झन्डै ६० वर्ष लामो गृहयुद्धमा करेन नेसनल युनियन र करेन नेसनल लिबरेसन आर्मीले यो हिंसात्मक आन्दोलनलाई निरन्तरता दिइरहेका छन्। फलस्वरूप हजारौं मानिस मारिए र हजारौंको संख्यामा देश छोड़ेर थाइल्यान्डमा शरण लिन पुगे।

सन् १८१३ मा अमेरिकी मिसनरिज बर्मा पुगेको थियो। १६ मे १८२८ मा पहिलोपटक करेनहरूलाई क्रिस्चियन बनाउन अमेरिकी मिसनरिज सफल भयो। अमेरिकी बाप्टिस्टहरूले करेनहरूलाई सजिलै क्रिस्चियन बनाउन सकिन्छ भन्ने हेतुले करेन भाषामा बाइबलसमेत प्रकाशन गरे र त्यसलाई व्यापक मात्रामा वितरण गरे। सन् १८७५ मा रंगुनमा बाप्टिस्ट कलेज स्थापना गरियो। बाप्टिस्ट कलेजबाट दीक्षित विद्यार्थीहरूले बेलायती साम्राज्यबाट स्वतन्त्र हुने अभियानमा साथ दिए। सन् १९४८ मा बर्मा स्वतन्त्र भयो तर करेनहरूले बर्माबाट पनि आफ्नो छुट्टै राज्य हुनुपर्छ भन्दै आज पनि हिंसात्मक आन्दोलन चलाइरहेका छन्।

उता बर्माको रखाइन राज्यमा बसोवास गर्दै आएका रोहिंग्या मुसलमान समुदायले पनि आफ्नो जातीय स्वतन्त्रता र सामाजिक एवं सांस्कृतिक अधिकारको माग गर्दै आएका छन्। भनिन्छ- बर्मा सरकारले उनीहरूलाई बौद्ध धर्मावलम्बीमाझ राखेर जबर्जस्त बौद्धमार्गी बनाउन खोज्दैछ। रोहिंग्याहरूका अनुसार उनीहरू दसकौंअघि पर्सियन र अरबबाट म्यानमार आएका हुन्। बंगाली भाषा बुझ्ने भएकाले उनीहरूलाई सरकारले राज्यविहीन नागरिकका रूपमा व्यवहार गरेको भन्दै विद्रोह गर्दै आएका छन्।

सन् १९४७ देखि १९६१ सम्म स्थानीय रोहिंग्या मुजाहिद्दीन समूहले छुट्टै राज्यको माग गर्दै लड्न थाले। तर १९५० देखि १९६० सम्मको 'युद्ध' मा उनीहरूलाई सेनाले दबाउन सफल भयो त्यसका कतिपय नेताहरूले आत्मसमर्पण गरे। सन् १९७० देखि रोहिंग्या सोलिडारिटी अगनाइजेसन नामक पूर्णतः हतियारबाट सुसज्जित समूहले आफ्नो लडाइँ तीव्र पार्यो, तर सेनाले त्यसलाई पनि दबायो। तथापि सेनाले उनीहरूलाई हतियारविहीन बनाउन भने सकेन।

रखाइन राज्यमा सेनाले यसै वर्षको अगस्तमा फेरि अप्रेसन गर्योत। यो अप्रेसनलाई राष्ट्रसंघको मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले 'जातीय' सफायाको संज्ञा दिँदै सेनाले गम्भीर मानव अधिकार उल्लंघन गरेको बतायो। अहिले बर्मेली सरकारले रखाइन राज्यमा २४ बटा प्रहरी पोस्ट र ५५२ सैनिक क्याम्प राखेको छ। यसरी विभिन्न जातीय र धार्मिक समुदायले आआफ्नो अधिकार माग गरिरहेको अवस्थामा बर्मामा आन्तरिक द्वन्द्व झन् चर्किंदै छ।

द्वन्द्वको समाधान जातीय सफाइ पक्कै होइन, समस्याको समाधान वार्ताबाट हुनुपर्छ। विपक्षी समूहले पनि हिंसाको सहारा त्याग्नुपर्छ किनभने हिंसाको भविष्य छैन, शान्तिको विकल्प छैन।

लेख तथा रचना आदि पठाउने
**'हाम्रो प्रजाशक्ति' सिलगढ़ी कार्यालयको ठुङ्गो**
हाम्रो प्रजाशक्ति, गुरुङ बस्ती बजार (प्रधान नगर)
पूजा मेडिकल हलको माथिल्लोपट्टि
सिलगढ़ी- ७३४००३
ई-मेलः hamropraja.slg@gmail.com
☎ 9832684683